# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर : ८६८

## राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !
**(प्रथम पटक प्रकाशित सूचना मिति:२०८२/०८/१९)**

मालारानी गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत संघीय सशर्त अनुदान तर्फको **"राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम"** सञ्चालन गर्नु पर्ने भएकाले कार्यक्रम गर्न ईच्छुक कृषक/कृषि फर्म/कृषक समुह/ कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०८२/०९/१०) गते भित्र आवश्यक कागजातहरु सहित कार्यालय समय भित्र निवेदन दर्ता गर्नहुन आव्हान गरिन्छ। साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटको लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

| कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलाप | न्युनतम मापदण्ड | अनुदान सिमा |
|---|---|---|---|
| राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम | बिरुवा खरिद लगायत बगैंचा रेखाङ्कन,नर्सरी सुदृढिकरण, क्षेत्र विस्तार,उत्पादन प्रवर्द्धन तथा बजारीकरण,पुरानो बगैंचा व्यवस्थापन तथा सुदृढिकरण,खाडल खन्ने, ज्यामी ज्याला,कृषि औजार/ उपकरण, सिँचाई व्यवस्थापन, तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम। | • ३ रोपनी जग्गामा नयाँ सुन्तला बगैंचा स्थापना।<br>• ३ रोपनी जग्गामा रहेका पुराना सुन्तला बगैंचा व्यवस्थापन तथा सुदृढिकरण,। | बिरुवा खरिद तथा अन्य कृषि मेशिनरीमा ५०% अनुदान, प्रविधि प्रसार तथा सेवामा १००% अनुदान। |

**आवश्यक कागजातहरु:**

- प्रस्ताव सहितको निवेदन।
- नेपाली नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
- दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि (समुह/निजि फर्म/सहकारी)
- आ.व २०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि।
- समुह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धमा (क्षेत्रफल खुलाई) निर्णयको प्रतिलिपी।
- जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
- प्रतिवद्धता पत्र।
- सम्बन्धित वडा कार्यालयको सिफारिस।

**(कार्यक्रम संचालनका अन्य पक्षहरु प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम हुनेछ।)**

२०८२/८/१९
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत